# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्या : ८** **प्रमाणिकरण मिति : २०७६/११/१८**

**प्रकाशन मिति : २०७६/११/१९**

## भाग - २

मधुवन नगरपालिका

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७६**

**परिचयः**

मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन २०६४ जुन बिशेष ऐनको रुपमा रहेको छ । यस बिशेष ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित नियमावली, २०६५ को धारा २३ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानिय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने ब्यवस्था गरेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्दिय समिती, जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई

पनि उच्च प्रथामिकताका साथ मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ । यसै अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको र सोही नियमावलीको नियम ७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै मधुवन नगरपालिकाले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको नगरस्तरिय र वडा स्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघिय राज्यको ब्यवस्था मुताबिक स्थानिय सरकार संचालान ऐन २०७४ अर्न्तगत स्थानिय तह संचालन हुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मा स्थानिय सरकारले विभिन्न विषयगत समिती उपसमितीहरुको गठन गर्न सक्ने ब्यवस्था गरे मुताबिक यस मधुवन नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानिय समिती गठन गरिने छ ।

## परिक्षेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण सम्वन्धि कार्यबिधी २०७६ रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**समितीको नाम :** मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण मधुवन नगरपालीका तथा वडा स्तरिय समिती २०७६ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) ऐनः**मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण ऐन २०६४

(ख) “निर्देशिका”भन्नाले मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण निदेशिका, २०६५ सम्झनु पर्दछ ।

(ग) “नियमावली” भन्नाले मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण नियमावली २०६५ सम्झनु पर्दछ ।

## परिच्छेद २

## समितिको गठन प्रकियाः

*मानव बेचबिखन विरूद्धको मधुवन नगरपालिका स्तरिय  समितिको गठन यसप्रकार हुनेछ ,*

मधुवन नगरपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, नगर  बाल सन्जाल, नगर बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम् सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका, स्थानिय प्रहरी आदिको उपस्थितीमा मधुवन नगर पालिका स्तरीय भेलागर्ने । उक्त भेला मधुवन नगरपालिकाको प्रमुखको अक्ष्यतामा बस्ने छ । सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी पालिका स्तरिय समिति गठन गर्नेछ ।

१.संयोजक - पालिकाका प्रमुख.............................................................................१

२. सदस्य - न्यायीक समितका संयोजक.....................................................................१

३.सदस्य - पालिकाका सामाजिक बिकास समितिका संयोजक ......................................१

४.सदस्य - नगर कार्यपालिका महिला सदस्यदलित , अल्पसंख्यक मध्य बाट  .................२

५.सदस्य - वडा प्रहरी कार्यालयका प्रमुख .............................................................१

६.सदस्य - स्थानिय विद्यालयका प्र अ वा निजले तोकेको शिक्षक .................................१

७. सदस्य - बालअधिकार समितीका सकृय सदस्य ..................................................१

८. सदस्य - नगर पालिकाका प्रेश सल्लाहाकार ........................................................१

९.सदस्य - पालिकाका कानुनी सल्लाकार ...............................................................१

१०. सदस्य - नगर वाल क्लब संजालका अध्यक्ष.......................................................१

११. सदस्य - मावन बेचबिखनका बिरुद्द कार्यरत स्थानिय गै.स.स. का प्रमुख तथा प्रतिनिधी ३ जना..३

१२. सदस्य - मानव बेचबिखनबाट पिडत प्रभावित वा मानव बेचबिखन बिरुद्ध कार्यरत महिला.................१

१३.सदस्य - नगर किशोरी संजालकाअध्यक्ष ............................................................१

१४. सदस्य - नगर पालिका स्वस्थ्य शाखा प्रमुख .....................................................१

१५. सदस्य - नगरपालिका भित्रका महिला सहकारी सस्था वा निगरानी समुहका प्रतिनिधि ....१

१६. सदस्य सचिव - नगर पालिकाको महिला बाल बालिका शाखाका प्रमुख .....................१

**जम्मा १९ सदस्य**

***समितिको काम, कर्तव्य र अधिकार: मानव बेचबिखन तथा अेसारपसार मधुवन नगरपालिका स्तरिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।***

- सम्बन्धित मधुवन नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसारका जोखिममा रहेका तथा रहन सक्ने समुदाय तथा ब्यक्तिको अभिलेख राख्ने र निरन्तर अध्यावधि गर्ने ।
- स्थानिय श्रम बजारमा कार्यरत श्रमिकहरुको ( उधोग, कलकारखाना, होटेल खाजाघर तथा घरेलु श्रमिक) श्रम ऐन अनर्तगत अधिकार सुनिश्चित गर्न निती तथा कार्यक्रम निर्माण गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार ऐन, श्रम ऐन, बैदेशिक रोजगार ऐन र स्थानिय सरकार संचालन ऐनमा ब्यवस्था भए अनुसारका संरचना तथा समितीको निर्माण तथा प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गरि कार्यावयन गर्ने ।
- मानव बेचविखन तथा ओसारपसार ऐन तथा नियमावली बमोजिम मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रोकथाम, उद्धार, संरक्षण, पुर्नस्थापना, कानुनी सेवा र पिडीत तथा प्रभावितहरुको आत्म सम्मान पुर्वक पुर्नमिलन सम्बन्धि निती तथा कार्यक्रमहरु बनाइ प्रभावकारी कार्यावयनको लागी पहल गर्ने ।
- ऐन नियममा व्यवस्था भए अनुरुप स्थानीय स्तरका पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।
- उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।
- पिडीत तथा प्रभावितलाई सहज र सुलभ सेवा प्रदान गर्नका लागी जिल्ला तथा स्थानिय स्तरमा रहेका सरकारी तथा गैरसरकारी निकायका सेवा प्रदायी निकायहरु संग समन्वय सहकार्य गर्ने र सिफारिस प्रणालिलाइ चुस्त दुरुस्त राख्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्था र निजि क्षेत्र बीच समन्वय सहकार्य गरि आयमूलक ,सिपमुलक तथा रोजगार मुलक कार्यक्रम संचालन र अनुगमन गर्ने ,
- स्थानिय स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार संग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन सम्बन्धित निकायमा पठाउने,
- स्थानीय निकायसंग समन्वय गरी बेचबिखन प्रभावितका लागि सहायता कोष स्थापना तथा सञ्चालन गर्ने ।

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा स्तरिय समिती निर्माण गरि कार्य गर्न पहल गर्ने ।

**मधुवन नगरपालिकाका वडाहरुमा  समितिहरु देहायबमोजिम रहने गरि गठन तथा परिचालन गर्ने**

**मानव बेचबिखन विरूद्धको वडा स्तरिय समितिको गठन यस प्रकार हुनेछ ।**

१.संयोजक - वडा अध्यक्ष.......................................................................१

२.वडाका महिला सदस्य .......................................................................१

३.स्थानिय प्रहरी प्रमुख.......................................................................१

४.वडाका विद्यालयका प्र अ वा निजले तोकेको शिक्षक .......................................१

५. वडा बालअधिकार समितीका सकृय सदस्य ...........................................१

६. स्थानिय पत्रकार.......................................................................१

७. वडा वाल क्लब संजालका प्रतिनिधी..................................................१

९.मानव बेचबिखनबाट पिडत प्रभावित वा मानव बेचबिखन बिरुद्ध कार्यरत महिला.....२

१०. वडा किशोरी संजालका प्रतिनिधि ..................................................१

११. वडाका  स्वास्थ्य स्वयम सेविका ..................................................१

१२. वडा भित्रका महिला सहकारी सस्था वा निगरानि समुहका प्रतिनिधि...................१

१३. वडा सचिव.सदस्य सचिव.......................................................................१

**वडा समितीको काम, कर्तव्य र अधिकार : मानव बेचबिखन तथा अेसारपसार वडा स्तरिय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।**

- सम्बन्धित **वडा**मा मानव बेचबिखन तथा अेसारपसारका जोखिममा रहेका तथा रहन सक्ने समुदायिक तथा ब्यक्तिको अभिलेख  राख्ने र निरन्तर अध्यावधिक गर्नुका  साथै सम्बन्धित पलिकामा प्रस्तुत गर्ने ।

- मानव बेचखिन तथा ओसारपसार ऐन तथा नियमावली बमोजिम मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रोकथाम, का लागी चेतना मुलक कार्यक्रमहरु संचालन गर्न तथा  सरोकार वाला संग समन्वय गर्ने ।
- ऐन नियममा व्यवस्था भए अनुरुप स्थानीय स्तरका पुनर्स्थापना केन्द्र, परामर्श तथा सुचना केन्द्र संचालनमा सहयोग तथा अनुगमन  गर्ने ।
- उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।
- पिडीत तथा प्रभावितलाई सहज र सुलभ सेवा प्रदान गर्नका लागी जिल्ला तथा स्थानिय स्तरमा रहेका सरकारी तथा गैरसरकारी निकायका सेवा प्रदायी निकायहरु संग समन्वय सहकार्य गर्ने र सिफारिस प्रणालिलाइ चुस्त दुरुस्त राख्ने ।
- मानव बेचबिखन तथा ओसार पसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्था र निजि क्षेत्र बीच समन्वय सहकार्य गरि आयमूलक ,शिपमुलक तथा रोजगार मुलक कार्यक्रम संचालन र अनुगमन गर्ने ,
- स्थानिय स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।
- स्थानीय निकाय संग समन्वय गरी बेचबिखन प्रभावितका लागि सहायता कोष स्थापना तथा सञ्चालन गर्ने ।

## परिच्छेद ५

## समितीको बैठक

**मधुवन नगरपालिका र वडा स्तरिया समितीको बैठक सम्बन्धी कार्यविधीः**

१. समितिको बैठक त्रैमासिक रुपमा निरन्तर र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता समितिका सयोजक र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय  समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५.सदस्यता थप  घट समितीको बैठकले आवश्यक्ता अनुसार गर्न सक्ने छ ।

६. लागातार ३ वटा बैठकामा अनुपस्थित हुने सदस्यको हकमा समितीको बैठकले आवश्यक निर्णय गरि फेरबदल वा  सदस्यता खारेज गर्न सक्ने छ ।

## परिच्छेद ६

## बजेट व्यबस्थापन

**बजेट व्यबस्थापनका आधारः**

(१) स्थानीय तहले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण क्रियाकलाप संचालन गर्नका लागी स्थानिय सरकारले बजेट निकासा गर्ने ।

(२)अन्य सरकारी तथा गैरसरकरी निकायबाट सहकार्य गरि बजेट ब्यवस्थापन गर्न सकिने ।

**यस कार्यबिधिमा उल्लेख गरिएका व्यवस्थामा थप संघिय सरकार र प्रादेशिक सरकार समेतले कुनै निति नियम निमार्ण गरि यस सम्बन्धमा कुनै कुरा व्यवस्था गरेमा सोही अनुरुप हुने छ ।**

आज्ञाले

गोपालराज तिमिल्सिना

प्रमुख प्रशासकीय अधिकृत